# महालेखापरीक्षकको

## वार्षिक प्रतिवेदन

## २०७८

भद्रपुर नगरपालिका

झापा




महालेखापरीक्षकको कार्यालय

काठमाण्डौ, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यवसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय**

पत्र संख्याः२०७८।७९
च. नं. २४२

मितिः २०७८।५।४

विषयः लेखापरीक्षण प्रतिबेदन ।

श्री प्रमुखज्यु,
भद्रपुर नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
झापा।

नेपालको संबिधानको धारा २४१ बमोजिम त्यस नगरपालिकाको आर्थिक बर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिबेदन जारी गरीएको छ । उक्त प्रतिबेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागी अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछर्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

२०७८ भाद्र ३गते

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्याः २०७८/७९

च.नं.:२४१ मितिः२०७८।५।४

श्री प्रमुखज्यु,

भद्रपुर नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय,

झापा।

विषयः लेखापरीक्षण प्रतिवेदन

**कैफियत सहितको राय**

हामीले भद्रपुर नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८/२/९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ३४ यसैसाथ संलग्न छ ।

३. लेखापरीक्षणबाट रु.८ करोड ६ लाख ९९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.८२ लाख, ६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२ करोड ६७ लाख ८८ हजार, नियमित गर्नुपर्ने रु.२ करोड १७ लाख ८२ हजार र पेश्की बाँकी रु.२ करोड, ३९ लाख, २३ हजार रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधी तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत भद्रपुर नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्रकुमार खत्री)

नायब महालेखापरीक्षक

भद्रपुर नगरपालिका, झापा

लेखापरीक्षण प्रतिवेदन

आर्थिक वर्ष २०७६/७७

- **परिचय** : स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १० वडा, ६० सभा सदस्य, ९६.३५ वर्ग किलोमिटर क्षेत्रफल तथा ६५ हजार ५३३ जनसंख्या रहेको छ ।
- **स्थानिय सचितकोषः** यस पालिकालाई एकिकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ , नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS)बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकिकृत बार्षिक प्रतिवेदन(म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग गरिएकोमा सम्पुर्ण आर्थिक कारोवारको यथार्थ एंव विस्तृत विवरण खुलाई सो विवरण प्राप्त हुन सकेन । आर्थिक वर्ष २०७६।७७ स्थानीय सञ्चित कोष आय–व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

एकीकृत आर्थिक कारोबारको स्थिति

| आय तर्फ | | | | व्यय तर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | जम्मा रकम | सि.नं. | विवरण | रकम | जम्मा रकम |
| **१) गत बर्षको जिम्मेवारी** | | | **१३५५४८१२५.९३** | **१) चालु खर्च** | | | **१२५८५०७३२.४९** |
| क | नगद | 0.00 | | क | वितिय समानीकरण ( संघ ) | 0.00 | |
| ख | बैंक - संचित कोष | ११२०६३८६१.४२ | | ख | वितिय समानीकरण ( प्रदेश ) | 0.00 | |
| ग | बैंक - विषेश कोष | ५१५६०९९.९७ | | ग | आन्तरिक श्रोत/राजश्व बाँडफाँड ( संघ )/मौज्दात | १२५८५०७३२.४९ | |
| घ | बैंक - प्रकोप/कोविड व्यवस्थापन कोष | ६६३४७७.८० | | **२) पूँजिगत खर्च** | | | **१९९८६७८०६.५३** |
| ङ | धरौटि बैंक | १७६६४६८६.७४ | | क | वितिय समानीकरण ( संघ ) | १३३११९७६४.३१ | |
| **२) संघीय वितिय हस्तान्तरण** | | | **४६०५३८०००.००** | ख | वितिय समानीकरण ( प्रदेश ) | ७७०११७.६३ | |
| क | वितिय समानीकरण अनुदान | १८१९०००००.०० | | ग | आन्तरिक श्रोत/राजश्व बाँडफाँड (प्रदेश/स्थानीय तह )/ मौज्दात/जनसहभागिता/जिसस /सडक बोर्ड | ६५९७७९२४.५९ | |
| ख | सशर्त अनुदान | २६२२३८०००.०० | | **३) शसर्त/विषेश/समपुरक अनुदान खर्च ( संघ )** | | | **२३९५०६०४०.००** |
| ग | विषेश अनुदान | १०००००००.०० | | क | सशर्त अनुदान ( संघ ) | २३४५९६८६९.२१ | |
| घ | समपुरक अनुदान | ६४००००००.०० | | ख | विषेश अनुदान ( संघ ) | २६७२३२३.२० | |
| **३) प्रदेश वितिय हस्तान्तरण** | | | **६१९३९०००.००** | ग | समपुरक अनुदान ( संघ ) | २२३६८४७.५९ | |
| क | वितिय समानीकरण अनुदान | ८०६९०००.०० | | **४) शसर्त/विषेश/समपुरक अनुदान खर्च ( प्रदेश )** | | | **५१०७८०८८.५६** |
| ख | सशर्त अनुदान | ३०७०००००.०० | | क | सशर्त अनुदान ( प्रदेश ) | ३०७०००००.०० | |
| ग | विषेश अनुदान | ६००००००.०० | | ख | समपुरक अनुदान ( प्रदेश ) | ९१४८२६४.१२ | |
| घ | समपुरक अनुदान | १०००००००.०० | | ग | विषेश अनुदान ( प्रदेश ) | ६००००००.०० | |
| a | अन्य सशर्त अनुदान ( प्रदेश ) | ३४८०००००.०० | | घ | अन्य शसर्त अनुदान ( प्रदेश ) | ३२८५९८२४.४४ | |
| **४) विषयगत निकासा रकम** | | | **२३०५७९५९२.६४** | **५) विषयगत निकायको खर्च** | | | **२३०५७९५९२.६४** |
| क | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | २१२१६३२२.६४ | | क | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | २१२१६३२२.६४ | |
| ख | समाज कल्याण कार्यक्रम जेष्ठ नागरिक समेत | ४०००००.०० | | ख | समाज कल्याण कार्यक्रम जेष्ठ नागरिक समेत | ४०००००.०० | |
| ग | सामाजिक सुरक्षा कार्यक्रम | २०८२००४००.०० | | ग | सामाजिक सुरक्षा कार्यक्रम | २०८२००४००.०० | |
| घ | राष्ट्रिय परिचयपत्र तथा पंञ्जिकरण कार्यक्रम | ७६२८७०.०० | | घ | राष्ट्रिय परिचयपत्र तथा पंञ्जिकरण कार्यक्रम | ७६२८७०.०० | |
| **५) आन्तरिक आय** | | | **१९२७६९५१९.१४** | **६) खर्च नभएको रकम फिर्ता ( फ्रिज रकम )** | | | **४१९२३८७१.४४** |
| क | आन्तरिक श्रोत | ३६६५३५७१.९४ | | क | नेपाल सरकार शसर्त अनुदान | २७६४११३०.७९ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | फिर्ता ( संघ ) | | |
| ख | राजश्व बाडफाँड ( संघ ) | ८१७१४६६८.५९ | | ख | नेपाल सरकार विषेश अनुदान फिर्ता ( संघ ) | ७३२७६७६.८० | |
| ग | राजश्व बाडफाँड ( प्रदेश/स्थानीय तह ) | २०५५०१०२.४१ | | ग | नेपाल सरकार समपुरक अनुदान फिर्ता ( संघ ) | ४१६३१५२.४१ | |
| घ | अन्य सस्थागत आन्तरिक अनुदान ( सडक बोर्ड नेपाल ) | ६९६९२०८.०० | | घ | प्रदेश सरकार अन्य शसर्त अनुदान फिर्ता ( प्रदेश ) | १९४०१७५.५६ | |
| ङ | अन्य सस्थागत आन्तरिक अनुदान ( जिसस ) | २७७९०००.०० | | ङ | प्रदेश सरकार समपुरक अनुदान फिर्ता ( प्रदेश ) | ८५१७३५.८८ | |
| च | अन्य सस्थागत आन्तरिक अनुदान ( जनसहभागीता ) | ४३८०७७३९.७० | | **७) राजश्व दाखिला** | | | ०.०० |
| छ | अन्य सस्थागत आन्तरिक अनुदान ( प्रदेश तथा स्थानीय तह सहयोग कार्यक्रम ) | २९५२२८.५० | | **८) धरौटि फिर्ता/सदरस्याहा** | | | १४४९८८७२.३९ |
| **६) धरौटि प्राप्ती** | | | १९९१२८४४.९१ | क | धरौटि फिर्ता | १४४९८८७२.३९ | |
| क | धरौटि प्राप्ती | १९९१२८४४.९१ | | ख | धरौटि सदरस्याहा | ०.०० | |
| **७) अन्तर स्थानीय तहवाट प्राप्त** | | | ०.०० | **९) लगानी** | | | ०.०० |
| क | अन्य स्थानीय तहवाट प्राप्त रकम | ०.०० | | **१०) वितिय व्यवस्था भुक्तानी** | | | ०.०० |
| **८) वितिय व्यवस्था प्राप्त** | | | ०.०० | **११) अन्तर स्थानीय तहको रकम खर्च** | | | ०.०० |
| क | वितिय व्यवस्था प्राप्ती | | | **१२) विभिन्न कोष खर्च** | | | १६९६३८१३.०५ |
| **९) विभिन्न कोष आम्दानी** | | | २२९०१७४५.३४ | क | कर्मचारी कल्याण कोष | ९५४४००२.०९ | |
| क | कर्मचारी कल्याण कोष | ९५०००००.०० | | ख | मर्मत सम्भार कोष | ८२९३३४.५८ | |
| ख | लैंगिक हिंसा निवारणका लागि संरक्षण कोष | १००००.०० | | ग | प्रकोप/कोविड व्यवस्थापन कोष | ६५९०४७६.३८ | |
| ग | प्रकोप/कोविड व्यवस्थापन कोष | १३३९१७४५.३४ | | **१३) बाँकी मौज्दात** | | | २०३९२००१०.८६ |
| | | | | क | संन्चित कोष खाता | १६९०८३८४१.५४ | |
| | | | | ख | चालु खर्च खाता | ०.०० | |
| | | | | ग | पूजिगत खर्च खाता | ०.०० | |
| | | | | घ | विविध कोष खाता | ४२९२७६३.३० | |
| | | | | ङ | प्रकोप व्यवस्थापन कोष खाता | ७४६४७४६.७६ | |
| | | | | च | धरौटि खाता | २३०७८६५९.२६ | |
| | | | | छ | आन्तरिक राजश्व खाता | ०.०० | |
| | | | | ज | बाँडफाँडवाट प्राप्त राजश्व खाता | ०.०० | |
| | | | | झ | आन्तरिक अनुदान खाता | ०.०० | |
| जम्मा | | | ११२४१८८८२७.९६ | जम्मा | | | ११२४१८८८२७.९६ |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १. | एकीकृत आर्थिक विवरणको परीक्षणबाट देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् : | |
| १.१. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले महालेखापरीक्षकबाट २०७६।२।१९ मा स्वीकृत भएको NPSAS based ढाँचामा प्रतिवेदन तयार तथा लेखाङ्कन गरेको पाईएन । | |
| १.२. | **सुत्रको प्रयोगः** नगरपालिकाहरुलाई Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्ने निर्देशन भए अनुसार यस आर्थिक बर्षमा लागु गरेको भएतापनि विषयगत मन्त्रालयबाट प्राप्त बजेट सुत्रमा प्रविष्ट नगरेको, गत वर्षको मौज्दात रकम अ.ल्या. नभिडेको, स्रोतगत अनुमान बजेट सुत्रमा प्रविष्ट गरेकोमा अन्तिम बजेट सोही मानेको हुँदा मौज्दात रकम घटी/बढि देखिएको र कार्यालयले सुत्रबाट गोश्वारा भौचर मात्र उतार गरी अन्य विवरण प्रविष्ट नगरेको कारणले म.ले.प.फा.नं.२७५ र २७२ भिडान नभएको अवस्था छ । डाटा प्रविष्ट गरी वार्षिक प्राप्ती तथा भुक्तानीको हिसाव मिलान गर्नुपर्दछ । | |
| २. | **आर्थिक कारोवारको अवस्था** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीलाई व्यवस्थित गर्नुपर्दछ । यस सम्बन्धमा नगरपालिकामा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता परीक्षण गर्दा अद्यावधिक नरहेको कारण पेश गरेको आय–व्यय विवरण यथार्थ छ भनि भिडान गर्नसक्ने आधार भएन ।<br>• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजश्व बाँडफाँड अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकिकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । यस पालिकाले सो अनुसार एकिकृत विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र को.ले.नि.का पठाएको छैन ।<br>• आर्थिक वर्ष २०७६।७७ मा भएको खर्चको चेक भुक्तानीको लागि आवश्यक रकम मूल संचित कोष खाताबाट कार्य संचालन खातामा सोही वर्षमा ट्रान्सफर गर्नुपर्नेमा पछिल्लो आ.व. २०७७।७८ मा समेत मूल संचित कोष खाताबाट रकम ट्रान्सफर गरेको छ । मूल संचित खाताबाट आषाढ मसान्त भित्रै आवश्यक रकम ट्रान्सफर गरी खर्चको लेखाङ्कन गर्नुपर्दछ ।<br>ऐनको व्यवस्था अनुसार वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ३. | **आन्तरिक नियन्त्रण, वित्तीय उत्तरदायित्व एवम् कानुनको पालना** :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५० देखि ५५ मा जिम्मेवार व्यक्तिले पालना गर्नुपर्ने वित्तीय | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिताको व्यवस्था गरेको छ । त्यसैगरी आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ मा प्रत्येक मन्त्रालय, विभाग एवं स्थानीय निकायबाट सम्पादन गरीने कार्यहरु मितव्ययी एवं प्रभावकारी बनाउन, वित्तीय प्रतिवेदनलाई विश्वसनिय बनाउन र प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने उल्लेख छ । यस पालिकाको लेखापरीक्षण गर्दा निम्न कामसँग सम्बन्धित ऐन नियमले तोके अनुसारको व्यवस्था पालना नगरेको वा आशिंक पालना गरेको र आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरेको देखिएन । यसमा सुधार गरी कार्यालयबाट सम्पादन हुने कामलाई नियमीत, मितव्ययी एवं प्रभावकारी बनाउनु पर्दछ । पालिकाले कार्यान्वयन एवं सुधार गर्नुपर्ने व्यहोरा यस प्रकार छन्ः- | |
| ३.१. | पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। | |
| ३.२. | राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । | |
| ३.३. | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । | |
| ३.४. | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्नेमा ल्याएको पाईएन । | |
| ३.५. | स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन गर्नुपर्ने आयोजनाको बिश्लेषण गरी कार्यान्वयन गर्नुपर्ने सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । | |
| ३.६. | दिगो बिकास योजना (२०१५-३०) कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । | |
| ३.७. | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन । | |
| ३.८. | पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरी वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको एकीकृत अभिलेख देखिने गरी खप्ने एवं खर्च हुने सामानको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । | |
| ३.९. | पालिकाले जिन्सी निरिक्षण गरी प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा जिन्सी निरीक्षण नै गरेको पाईएन । | |
| ३.१०. | कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । | |
| ३.११. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। | |
| ३.१२. | ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | देखिने गरी ठेक्का अभिलेख खाता राखेको पाईएन। | |
| ३.१३. | स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन । | |
| ३.१४. | सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा केहीमा पालना भएको पाईएन। | |
| ३.१५. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको छैन । | |
| ३.१६. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत संभार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । | |
| ३.१७. | संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको व्यवस्था अनुसार दर्ता हुने गरेको पाइएन । | |
| ३.१८. | सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाईएन । | |
| ३.१९. | निजामती सेवा ऐन, २०४९ को वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गर्नुपर्नेमा गरेको पाईएन । | |
| ३.२०. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । | |
| ३.२१. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५(२) बमोजिम पालिकाको उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान गरी सो निराकरणको लागि उपयुक्त उपायहरु व्यवस्थित गरेको पाइएन । | |
| ३.२२. | वडामा उठ्ने राजस्वको लक्ष्य निर्धारण गरेको छैन । | |
| ३.२३. | स-साना योजनालाई निरुत्साहन गर्नुपर्नेमा प्राथमिकता दिई कार्यान्वयनमा ल्याएको छ । | |
| ३.२४. | कोषहरु कार्यान्वयन गर्न कार्यविधि कानून बनाउनु पर्नेमा बनाएको पाइएन । | |
| ३.२५. | आर्थिक वर्षको अन्तमा खर्चको चाप हुने गरी काम गराउने कार्य नियन्त्रण गर्नुपर्नेमा सो गरेको छैन । | |
| ३.२६. | उपभोक्ताबाट खरिद सामान परिमाण र नापी तथा उपयोग भिडान हुने गरेको छैन । | |
| ३.२७. | न्यायीक समितिवाट मुद्दाको किनारा लगाउन वाँकीको विवरण प्राप्त नभएकोले अवस्था एकीन गर्न सकिएन । | |
| ३.२८. | राजस्व प्राप्तीको दायरालाई प्राथमिकीकरण गरी कार्यान्वयन नगरेको, | |
| ३.२९. | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ४ बमोजिम सबै श्रोतबाट भएको प्रासि र खर्चको विवरण प्रदेश लेखा नियन्त्रक तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्नेमा पठाएको छैन । | |
| ३.३०. | विद्यार्थी तथा शिक्षक अनूपात नभिडेको मर्जरको कार्यक्रम अगाडी वढाएको देखिएन । | |
| ३.३१. | अवकास कोष सम्वन्धि कानूनी व्यवस्था कार्यान्वयन गरेको पाइएन । | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३.३२. | विविध खर्चमा नियन्त्रण नगरेको, कतिपय विविध खर्चको प्रयोजन नखुलाई विल राखी भुक्तानी भएको देखिन्छ । | |
| ३.३३. | आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ९२ बमोजिम विनियोजन, राजश्व, धरौटी, जिन्सी र अन्य कारोवारको श्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र यसरी राखेको लेखा श्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले जाँच गर्नुपर्ने व्यवस्था कार्यान्वयन नगरेको । | |
| ३.३४. | जिन्सी खाता, बैक नगदी किताव, लेजर खाता एवं राजश्व असुलीमा प्रयोग हुने खाता प्रमाणित गरी श्रेस्ता अद्यावधिक नगरेको/ एउटा पेश्की बाँकी छँदै अर्को पेश्की दिने गरेको देखियो । | |
| ३.३५. | चालु वर्षमा सम्पन्न गर्नुपर्ने कामको लागि दिएको पेश्की समेत समयमा पेश्की फछ्र्यौट नगरेको, उपभोक्ताको पेश्कीको लेजर तयार गरी प्रमाणित नगरेको । | |
| ३.३६. | सुत्रबाट गत आर्थिक वर्षको पेश्की फछ्यौट गर्दा केही रकम समेत बैंक नगदी कितावको बजेट खर्चमा चढाइ खर्च बढाएको । | |
| ३.३७. | खर्चका विलभरपाईहरुको तेरिज बनाइ जोडजम्मा नगरेको । | |
| ३.३८. | संचितकोषमा गत सम्मको बाँकी, यस वर्ष प्राप्त रकम र संचितकोषबाट भएको खर्च स्पष्ट देखिने गरी गोश्वारा भौचर उठाई सबै कारोबार प्रविष्टि गरी खाता अद्यावधिक गरेको छैन । | |
| | नियम, कानुन र निर्देशिका अनुसार कार्यान्वयन गर्नुपर्ने उपरोक्त व्यहोरा पूर्ण रुपमा कार्यान्वयन नगरेका कारण वित्तीय उत्तरदायित्व, जिम्मेवारी एवं जवाफदेहिताको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४. | **श्रोत अनुमान तथा वजेट सिमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन ध्यान दिनुपर्ने देखिन्छ । नगरको प्राथमिक आयोजना कून कून हुन प्रक्षेपण गरी वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउन आवश्यक छ । | |
| ५. | **वजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । एउटै क्षेत्र भित्र वडागत योजना, नगरपालिका योजना र विषयगत पूर्वाधार क्षेत्रका कार्यक्रमका लागि रकम विनियोजन गरेको छ । विषयगत क्षेत्र सँग सम्वन्धित तथा वडा र नगरपालिकाको सार्वजनिक निर्माण सँग योजना दोहोरो पर्नसक्ने अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहेरो रुपमा संचालन नगरी एकै ठाउँवाट संचालन गर्ने व्यवस्थाको लागि ध्यानाकर्षण गरिएको छ । | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६. | **वार्षिक खरिद योजना/गुरु योजनाः** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरु योजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ । यस नगरपालिकाले यस वर्ष रु.१९,९८,६७,८०६। को पूँजीगत खर्च/खरिद कार्य गरेको छ । नगरपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना/गुरु योजना बनाई खरिद कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनु पर्दछ । | |
| ७. | **बार्षिक आर्थिक कारोवारको प्रतिवेदनः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९० उपनियम (१) मा प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आफ्नो आर्थिक कारोवार (नगदी,जिन्सी आय व्यय) को अनुसूची २११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको एक्काईस दिनभित्र दुई प्रति सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र एक प्रति तालुक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षण अवधिसम्म अनुसूची २११ बमोजिमको ढाँचाको वार्षिक आर्थिक कारोवार, प्रतिवेदन तयार नगरेकोले नियमको व्यवस्था पालना भएको देखिएन । नियमावलीमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ । | |
| ८. | **स्थानीय तथ्यांक र अभिलेखः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा अभिलेख व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।<br><br>त्यसैगरी प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको समग्र प्रोफाईल तयार गर्नुपर्नेमा सो समेत तयार गरेको देखिएन । | |
| ९. | **अनुगमन तथा सुपरिवेक्षणः** स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्यांकन योजनासमेत तयार गर्नुपर्ने र नगरपालिकाबाट संचालन भएका योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले योजनाबद्ध रुपमा संचालित योजना अनुगमन तथा सुपरिवेक्षण कार्यान्वयन गरेको देखिएन । केहि योजनामा नगर प्रमुख र उप प्रमुख तथा सम्बन्धित वार्ड अध्यक्ष र सदस्यले अनुगमन गरेको भएपनि ,केहि योजनामा नगर प्रमुख र सम्बन्धित वार्ड अध्यक्ष र सदस्यले वाहेक अधिकांश योजना वार्ड अध्यक्ष, वार्ड सदस्यले मात्र तथा कर्मचारी,प्राविधिकले मात्र अनुगमन गरेको देखिएको छ । प्रस्तुत अनुमगन प्रतिवेदनमा आर्थिक अवस्था र काम सम्पन्न भएको व्यहोरा उल्लेख गर्ने गरेको छ । काम नभएका र सुधार गर्नुपर्ने व्यहोरा कमै मात्र उल्लेख गर्ने गरेको छ । यसरी योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण कार्य ऐनले निर्दिष्ट गरेबमोजिम जिम्मेवार पदाधिकारीबाट नगराउँदा र प्राविधिक पक्षको कमि कमजोरी नऔंल्याउँदा साधनस्रोतको अधिकत्तम उपयोग, सेवा प्रवाह तथा कामको गुणस्तर | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्रभावकारी हुन नसक्ने तर्फ जिम्मेवार पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| १०. | **न्यायीक समिती:** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका उजुरीको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ भने अन्य उजुरी सम्वन्धमा अवधि किटान गरेको छैन । कार्यालयले न्यायीक समितिमा के कति उजुरी दर्ता भए त्यस मध्ये कति फर्छयौट र बाँकी रहे सो को विवरण लेखापरीक्षणमा प्राप्त भएन । विवरण तयार गरी न्याय सम्पादन प्रक्रियालाई टुङ्गो लगाउनु पर्दछ । | |
| ११. | **गुणस्तर परिक्षण:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका मालसामानको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः ती सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ । | |
| १२. | **जिन्सी निरिक्षण:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० वमोजिम जिन्सी सामानहरु के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैंले निरिक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारी वा प्राविधिक द्वारा निरिक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले आ.व. २०७६।७७ मा जिन्सी निरिक्षण गरेको भएता पनि कानुनी व्यवस्था अनुसार जिन्सी निरिक्षण प्रतिवेदन तयार गरेको छैन । जिन्सी प्रतिवेदन तयार नहुँदा मर्मत एवम् लिलाम गर्नुपर्ने, मूल्य नखुल्ने जस्ता विवरण अद्यावधिक नहुने हुँदा नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| १३. | **सम्पत्ति हस्तान्तरण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल—अचल सम्पत्ति, दायित्व तथा अभिलेख गरी, त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगतखाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले वडागतसमेत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु नगरपालिकाको मूल जिन्सी खातामा जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । वडा, स्वास्थ्य, शिक्षा, सेवा केन्द्र, नगरपालिका लगायतको सम्पत्तिलाई एकिकृत गरिनुपर्दछ । | |
| १४. | **जिन्सी खाता:** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ५२ मा जिन्सी मालसामानको स्रेस्ता महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा महालेखा नियन्त्रक कार्यालयले तयार गरेको निर्देशिका बमोजिम राख्नुपर्ने उल्लेख छ । नियम ५०(१) मा जिन्सी मालसामानको प्रयोग भए वा नभएको समेत खुलाई जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिद गरेको खर्च भएर जाने मालसामान जिन्सी खातामा आम्दानी जनाएकोमा खर्चको अभिलेख अद्यावधिक गरेको छैन । निकासी नम्बर र हस्तान्तरण फाराम नम्बरबाट खर्च भएको मालसामान खर्च घटाई आर्थिक बर्षको अन्त्यमा बाँकी रहेको मालसामान आगामी आर्थिक बर्षमा जिम्मेवारी सानुपर्नेमा कार्यालयले सो अनुसार गरेको पाईएन । जसले गर्दा खरिद गरिएका मालसामान मध्ये खर्च तथा | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | बाँकीको विवरण खुल्दैन । जिन्सी मालसामानको हानी नोक्सानी नहुने गरी जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| १५. | **बेरुजु अभिलेखः** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । पेश्की तथा बेरुजुको एकिकृत विवरण तयार गर्नुपर्दछ । | |
| १६. | **उपभोक्ताको काम** : सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुहवाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रम मुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ ।<br><br>यस कार्यालयले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन । सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ। | |
| १७. | **मेसिनको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा निर्माण कार्यमा एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने र तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भन्ने उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था भएकोमा लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले एक्साभेटर/डोजर प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्ट्याई नभएको अवस्थामा कार्यको नापजाँच गरी भुक्तानी लिएको देखिएको छ । साथै लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा प्राविधिकले सम्झौता अनुसार उपभोक्ता समितिबाट गर्ने कार्य र रकम नखुलाई एकमुष्ट रुपमा रकम मात्र खुलाउने गरेको छ । यसबाट | |

| दफा | लेखापरीक्षणबाट देखिएका ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उपभोक्ताको योगदान सुनिश्चित गर्न सक्ने आधार भएन । | |
| १८. | **निर्माण कार्यको गुणस्तरः** उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को दफा १२ मा निर्माण सामग्रीको गुणस्तर, निर्माण विधि र प्रक्रियाको गुणस्तर सुनिश्चितता गर्ने जिम्मेवारी कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुने उल्लेख छ । साथै उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त व्यवस्था अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ । | |
| १९. | **डोर हाजिरी फाराम नियन्त्रण खाताः** कार्यालयले डोर हाजिरी फाराम नियन्त्रण खाता म.ले.प.फा.नं. ५११ राख्ने गरेको छैन भने डोर हाजिरी फाराममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन । यसले गर्दा आयोजनामा के कति डोर हाजिरी फारामहरु को,कसको नाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्देश्य अनुसार काम भए नभएको यथार्थ मूल्याकन गर्ने अबस्था रहेन । डोर हाजिरी नियन्त्रण खाता राखी मागफारामको आधारमा नम्बरवाइज जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन मूल्याकन गर्ने व्यबस्था हुनु आवश्यक देखिन्छ । | |
| २०. | **व्यवसाय करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत मात्र राखेको कर रकम संकलन गरेको पाईएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| २१. | **सवारी करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| २२. | **मनोरञ्जन करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा पालिकाले कूनैपनि मनोरञ्जन कर संकलन गरेको पाईएन । यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ । | |
| २३. | **सामाजिक परीक्षण** : पालिकाले सार्वजनिक परीक्षण अन्तर्गत योजना संचालन, कार्यान्वयन र कार्यप्रक्रियामा पारदर्शिता र जवाफदेहिताको वृद्धि गर्न सार्वजनिक परीक्षण सम्बन्धी उपभोक्ता समिति परिचालन निर्देशिका बनाई कार्यान्वयनमा ल्याउनुपर्नेमा ल्याएको देखिएन । सार्वजनिक परीक्षण सम्बन्धी ढाँचा तोकी कार्यान्वयनमा नल्याएकोले योजनामा सार्वजनिक परीक्षण हुन सकेको पाइएन । | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| | पालिकाले केही ठूला योजनाहरू छनौट गरी सामाजिक परीक्षणको व्यवस्था समेत कार्यान्वयन गरेको देखिएन । पालिकाबाट संचालित सबै पुंजीगत एवं चालु योजनामा निर्देशिका बनाई तोकेको ढाँचा अनुरुप सार्वजनिक परीक्षण गराउने कार्य गर्नुपर्ने देखिन्छ । | |
| २४. | **काम, कर्तव्य र अधिकार** : संविधानको अनुसूची–८ मा उल्लेख भए अनुसार स्थानीय तहको अधिकार नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन, स्थानीय कर, सेवा शुल्क तथा दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीय स्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाई, जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण, कृषि तथा पशुपालन, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन लगायत २२ प्रकारका अधिकार उल्लेख छ ।संविधान तथा प्रचलित कानूनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा पालिकाले आवश्यक कानुन निर्माण गरी संघ तथा प्रदेश सरकार समेतको सहकार्य, समन्वय र साझेदारीमा कार्य गर्नुपर्दछ । | |
| | **नगरपालिका चालु** | |
| २५. | **तलवी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ६(ख२) अनुसार कार्यालयले जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट कार्यालयका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले कर्मचारी तलव भत्तामा रु.४,२९,७२,६७६।६९ खर्च लेखेकोमा तलवी प्रतिवेदन पारित नभएकोले तलव र ग्रेड भिडान गर्न सकिएन । ऐनको व्यवस्था पालना गरी तलवी प्रतिवेदन पारित गराई तलव भत्ता खर्च गर्नुपर्दछ । | |
| २६. | **कर्मचारी कल्याण कोष** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानुन बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृतभरण, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने र उक्त कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाइ आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम वरावरको हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । भौ.नं. ६०- २०७६।६।१० बाट रु.३५,००,०००। , भौचर नम्बर ५९८ मिति ०७६।११।११ बाट रु.२०,००,०००। र भौचर नम्बर ७५५ मिति ०७७।१।१४ बाट रु.४०,००,०००। गरी कर्मचारी कल्याण कोषमा रु.९५,००,०००। ट्रान्सफर गरेको छ । नगरपालिकाले उक्त कोषको संचालन सम्बन्धी कानुनी व्यवस्था गरेको देखिएन । कार्यालयले कर्मचारीले खाइपाइ आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने थप गरी कर्मचारी कल्याण कोषमा जम्मा गर्नुपर्नेमा सो गरेको पाइएन । ।यसरी कानुनको व्यवस्था नगरी कर्मचारीको योगदान विना अनुदान सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने आधार नदेखिएको रु. | ९५००००० |
| २७. | **भ्रमण अभिलेख एवं प्रतिबेदनः** भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार रु.१२,८८,३८०। खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन ।नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेरमात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २८. | **कार्यालय सम्बन्धि खर्चः** कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी मसलन्द तथा कार्यालय सामान रु.२३,३९,०९१। र छपाइ तथा सूचना प्रकाशनमा रु.१८,५३,८४०। गरी रु.४१,९२,९३१। खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ । | |
| २९. | **मर्मत आदेशः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । नगरपालिकाले मर्मत खर्च भुक्तानी गर्दा केही खर्चमा मर्मत आदेश र मर्मत म.ले.प.फा.नं. २ तयार नगरी सवारी साधन मर्मत रु.२२,८५,७८०। र मेशिनरी तथा औजार मर्मत संभार रु.७,३२,५००। समेत रु.३०,१८,२८०। खर्च लेखेको छ । नियमको पालना तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| ३०. | **इन्धन खर्चको मापदण्डः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी कतिपय कुपनमा गाडी नं. समेत उल्लेख नगरी यस वर्ष इन्धनमा रु.२२,७०,८२१। खर्च गरेको छ। कार्यालयले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । अतः इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ। | |
| ३१. | **विविध खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष विविध खर्च वापत रु.३५,००,०००।खर्च गरेको छ । खर्च गरेको रकमको विल पेश गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन । विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी भुक्तानी दिने परिपाटीमा नियन्त्रण हुनु पर्दछ । | |
| ३२. | २०५ ०७६।७।२४<br>**विद्युतीय सामाग्री खरिदः** कार्यालयले सडक बत्तीमा प्रयोग हुने १७ प्रकारका विद्युतीय सामाग्रीहरु बोलपत्रका माध्यमबाट छनौट भएका आपूर्तक सीता ट्रेडर्सबाट खरिद गरी रु.२३,४०,२९७। खर्च लेखेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्: | |
| ३२.१. | **लागत अनुमानः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढि रकमको मालसामान, खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । | |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा अघिल्ला वर्षहरुमा खरिद गर्दा लागेको मूल्य, स्थानीय बजारको प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थान सम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्थाछ।लेखापरीक्षणका क्रममा लागत अनुमान तयार गरिएको आधार पेश भएन । नियममा भएको व्यवस्था अनुसार लागत अनुमान तयार गरी खरिद व्यवस्था मितव्ययी एवं प्रभावकारी तवरले गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>३२.२.</td><td>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११५(१) मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने र नियम १२३(१) मा कार्यालयले कुनै बिल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सीता ट्रेडर्सलाई रु.२३,४०,२९७। भुक्तानी गरेकोमा आपूर्ति गरिएका मालसामानको निरीक्षण परीक्षण नगराएको तथा खरिद गरिएका मालसामान कुन कुन स्थानमा प्रयोग भएको हो, सो खुल्ने गरी प्राविधिक प्रतिवेदन तयार गरेको छैन । मालसामान प्रयोग तथा जडान भएको प्रमाण पेश नभएको रु.</td><td>२३४०२९७</td></tr>
<tr><td>३२.३.</td><td>सीता ट्रेडर्सले पेश गरेको बोलपत्रमा हेभन कम्पनीको एल ई डि बल्ब उल्लेख गरेकोमा मिति २०७७।१।२१ मा उक्त आपूर्तकले लकडाउनका कारण उक्त कम्पनीको सट्टामा अन्य कम्पनीको एल ई डि बल्ब उपलब्ध गराउने उल्लेख गरेकोमा उक्त बल्ब स्पेशिफिकेशनमा तोकिएको गुणस्तर बमोजिम भए नभएको तथा मूल्यमा फरक पर्ने नपर्ने सम्बन्धमा कुनै उल्लेख नगरी सामान स्वीकार गरेको पाईयो ।</td><td></td></tr>
<tr><td>३२.४.</td><td>विद्युतीय सामाग्रीहरु खरिदको लागि बोलपत्रका माध्यमबाट सीता ट्रेडर्ससँग सम्झौता भएकोमा सम्झौताकर्ता आपूर्तक बाहेक अन्य आपूर्तकहरुबाट समेत सोझै खरिद गरेको पाईयो । अन्य आपूर्तकबाट सामान खरिद गर्दा स्वीकृत बोलपत्र दर भन्दा निम्न बमोजिम बढी मूल्यमा समेत खरिद गरेको हुँदा सम्बन्धितलाई जिम्मेवार बनाई बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं., मिति</th><th>मालसामान</th><th>बोलपत्रको दर</th><th>आपूर्तकको नाम</th><th>खरिद दर</th><th>खरिद परिमाण</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>४५० ०७६।९।२७</td><td>होल्डर</td><td>२५</td><td>भिमशंकर हार्डवेयर</td><td>८०</td><td>३०</td><td>१६५०</td></tr>
<tr><td>५१२ ०७६।१०।१४</td><td>एल ई डि बल्ब</td><td>२५०</td><td>पाथीभरा सोलार एन्ड सप्लायर्स</td><td>३००</td><td>२०</td><td>१०००</td></tr>
<tr><td>५९६ ०७६।११।८</td><td>एल ई डि बल्ब</td><td>२५०</td><td>पाथीभरा सोलार एन्ड सप्लायर्स</td><td>३००</td><td>३२</td><td>१६००</td></tr>
<tr><td>८३४ ०७७।२।१५</td><td>एल इ डि भ्यापर</td><td>३२००</td><td>पाथीभरा सोलार एन्ड सप्लायर्स</td><td>३५००</td><td>१</td><td>३००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>४५५०</td></tr>
</table></td><td>४५५०</td></tr>
<tr><td>३३.</td><td>७६३-०७७।१।१५<br>उपभोक्ता समितिको कार्य निर्माण व्यवासायीबाट गराएको: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्याक्टरबाट गराउन नमिल्ने व्यवस्था छ ।कृष्ण रथयात्रा जन्माष्टमी रथयात्रा उत्सव उपभोक्ता समितिसँग रथ निर्माणका लागि सम्झौता गरिएकोमा</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>उक्त उपभोक्ता समितिले महाविर कन्सट्रक्शनबाट कार्य गराई रु.९,८८,७५०। खर्च लेखिएको छ । उपभोक्ता समितिले सम्झौता अनुसार आफैले गर्नुपर्ने काम निर्माण व्यवसायीबाट गराएको कार्य नियमित नदेखिएको रु.</td><td>९८८७५०</td></tr>
<tr><td>३४.</td><td>मूल्य अभिवृद्धि करमा दर्ता नभएकोसँग खरिद : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले २० हजार रुपैंया भन्दा बढि रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा वा कुनै खरिद गर्दा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित नियमको पालना नगरी निम्न अनुसार रु.६,४३,८३५। खर्च गरेको नियमित नदेखिएको रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>फर्मको नाम</th><th>कामको विवरण</th><th>रकम</th></tr>
<tr><td>१३८ २०७६।३।३०</td><td>पाथीभरा सोलार एन्ड सप्लायर्स</td><td>टेलिफोन सेट, स्टयान्ड फेन, तार आदी</td><td>८१८८०</td></tr>
<tr><td>११५ २०७६।६।१६</td><td>न्यू पाथीभरा देवी अटो वर्कस</td><td>ब्याक हो लोडर मर्मत</td><td>६८८००</td></tr>
<tr><td>११५ २०७६।६।१६</td><td>न्यू सागर अटो पार्टस</td><td>ब्याक हो लोडर मर्मत</td><td>९५७५५</td></tr>
<tr><td>२० २०७६।६।६</td><td>पाथीभरा सोलार एन्ड सप्लायर्स</td><td>टर्च लाईट, एल इ डि बल्ब</td><td>९५५००</td></tr>
<tr><td>२०८ २०७६।७।२४</td><td>पाथीभरा सोलार एन्ड सप्लायर्स</td><td>एल इ डि बल्ब, तार</td><td>५४९००</td></tr>
<tr><td>८७५ २०७७।२।२५</td><td>विशाल मुभी सेन्टर</td><td>१३ विद्यालयमा भित्ते लेखन</td><td>२४७०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>६४३८३५</td></tr>
</table></td><td>६४३८३५</td></tr>
<tr><td>३५.</td><td>८०६-२०७७।२।२<br>कर कट्टी नगरेको : आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा शुल्क भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ ।बाल मैत्री रणनीतिक आवधिक योजना तयारीका लागि परामर्शदाता सुमन ढकाललाई रु.८०,०००। भुक्तानी गरेकोमा रु.१२,०००। कर कट्टी गर्नुपर्नेमा रु.८००। मात्र कर कट्टी गरेको हुँदा नपुग कर रु.११,२००। सम्बन्धितबाट असुल गर्नुपर्ने रु.</td><td>११२००</td></tr>
<tr><td></td><td>नगरपालिका पूँजीगत तर्फ</td><td></td></tr>
<tr><td>३६.</td><td>कोल्ड स्टोरेज : भारतिय दुतावासको सहयोगमा नयाँ बजारमा कोल्ड स्टोरेज निर्माण कार्य गर्नका लागि रु.३,७८,७३,२५८।९० को लागत अनुमान तयार गरी सबैभन्दा कम रु.४,१३,६७,३७४।९६ कबोल गर्ने सुनौली खिम्ती कन्स्ट्रक्सन प्रा.लि. सँग मिति २०६७।८।२३ गते सम्झौता गरी पटक पटक म्याद थप गरी बाह्रौ रनिङ विल सम्म रु.३,७९,७८,५६०।९९ खर्च भएको सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम रहेका छन् :</td><td></td></tr>
<tr><td>३६.१.</td><td>फर्म सँग कार्यालयले शुरुमा सम्झौता मितिको १५ महिना सम्म कार्य सम्पन्न गर्ने गरी म्याद दिएकोमा फर्मले कार्य गर्न नसकि मिति २०७१।८।२९ सम्म अन्तिम पटक जरिवाना नलाग्ने गरी म्याद थप गर्ने र सो पश्चात पनि कार्य सम्पन्न गर्न नसके सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी निर्णय भएकोमा कार्यालयले तोकेको समयमा समेत कार्य नसकि पटक पटक म्याद थप गरेको देखिएता पनि पूर्व निर्धारित क्षतिपूर्ति लिएको</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>देखिएन । पूर्वनिर्धारित क्षतिपूर्ति लिने गरी निर्णय भएपश्चात पटक पटक म्याद थप गरी फर्मले बाह्रौं रनिङ विल सम्म रु.३७९७८५६०।९९ भुक्तानी लिएको देखिन्छ । अत उल्लेखित मिति २०७१।८।२९ पछाडी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति अधिकतम सम्झौता रकम (मू.अ.कर बाहेक) रु.३,६५,८१,७४७।७५ को १०% ले रु.३६,५८,१७४। हुने हुँदा उक्त रकम असुल गरी बाँकी कार्य समयमै सम्पन्न गर्नुपर्ने देखिएको रु.</td><td>३६५८१७४</td></tr>
<tr><td>३६.२.</td><td>कार्यालयले फर्मलाई मिति २०७६ मंसिर मसान्त सम्म कार्य सम्पन्न गर्न मिति २०७६।३।५ को कार्यपालिका बोर्डले निर्णय गरी समय उपलब्ध गराएकोमा फर्मले कार्य सम्पन्न गर्न नसकि बाह्रौं रनिङ विल सम्म रु.३,७९,७८,५६०।९९ (अर्थात ९१.८७%) कार्य गरेको देखिन्छ । बाँकी रहेको कार्य सम्पन्न गरी खर्च प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३६.३.</td><td>सोधभर्ना : भारतिय दुतावासबाट सहयोग प्राप्त गरी निर्माणाधिन कोल्ड स्टोरेज निर्माण कार्यका लागि बाह्रौं रनिङ विल सम्म रु.३,७९,७८,५६०।९९ खर्च भएकोमा भारतिय दुतावासबाट रु.३,१८,८४,९७८।५७ मात्र प्राप्त भएकोले रु.६०,९३,५८२।४२ सोधभर्ना लिन बाँकी रहेको देखिन्छ । सोधभर्ना लिई हिसाव मिलान गर्नुपर्ने रु.</td><td>६०९३५८२</td></tr>
<tr><td>३७.</td><td>विजकको ढाँचाः मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अथवा स्वीकृत गरेदेखी बाहेक प्रापकलाई अनुसुचि ५ र ५(क) बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ । निम्न बमोजिमका फर्मलाई निम्न बमोजिमको कामको भुक्तानी गर्दा कैफियत रहेको विजकको भुक्तानी भएकोले मूल्य अभिवृद्धि कर रु.४,७५,८८२। सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गरेको र कारोवार अंक समेत खुल्ने गरी मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ ।
<table>
<tr><th>भौ.नं./मिति</th><th>फर्मको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th><th>मू.अ.कर रकम</th><th>कैफियत</th></tr>
<tr><td>१९३-०७६/११/८</td><td>लक्ष्मीमाता-पिएण्ड जि.जे.भि.</td><td>भवन निर्माण</td><td>४१३६५१४</td><td>४७५८८२</td><td>विजक नं.३१ लाई काटी १ बनाएको</td></tr>
</table></td><td>४७५८८२</td></tr>
<tr><td>३८.</td><td>प्रोभिजनल सममा मूल्य अभिवृद्धि कर थप : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानि गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भौ.नं.१८५-०७६।११।६ बाट वडा नं.७ को वडा कार्यालय भवन निर्माण कार्य सगरमाथा कन्स्ट्रक्सनबाट गराई प्रथम रनिङ विल भुक्तानी गर्दा विमा वापत प्रोभिजनल समको रु.९४,८४३।०८ भुक्तानी गर्दा एकमुष्ट रुपमा मू.अ.कर रु.१२,३३०। थप गरी भुक्तानी भएको छ । प्रोभिजनल सम वापतको रकममा मू.अ.कर जोड्न नमिल्ने भएकोले सो वापतको रकम रु.१२,३३०। सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.</td><td>१२३३०</td></tr>
<tr><td>३९.</td><td>सवारी साधन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तिय समानिकरण अनुदानको रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन। अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत तोकिएको कार्यमा खर्च गर्ने र सवारी साधन खरिद गर्न नहुने उल्लेख छ। कार्यालयले यस वर्ष निम्न अनुसार रु.३४,८१,००० । सवारी साधन खरिद गर्दा आन्तरिक श्रोत न्यून रहेको अवस्थामा गत विगत वर्षमा नेपाल सरकारबाट प्राप्त अनुदानबाट वचत रहेको</td><td></td></tr>
</table>

| दफा | लेखापरीक्षणबाट देखिएका ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | रकमबाट खर्च गरेको छ । कानुनको पालना गर्नुपर्ने देखिन्छ । | |

| भौ.नं./मिति | फर्मको नाम | विवरण | रकम |
|---|---|---|---|
| १४४-०७६/१०/१२ | सयपत्री ट्रेडलिंक | मोटरसाइकल १० थान<br>स्कुटर ६ थान | ३४८१००० |

| दफा | लेखापरीक्षणबाट देखिएका ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४०. | **ओभरहेड :** सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची-१ (क) मा (नियम १२ को उपनियम ४ सँग सम्बन्धित) परामर्श सेवाको लागत अनुमान तयार गर्ने ढाँचा स्वीकृत भएकोमा ओभरहेड वापतको रकम उपलब्ध गराउने व्यवस्था रहेको छैन । कार्यालयले भौ.नं.२१०-०७६।११।१२ बाट नगरपालिकाको सूचना प्रविधिमा आधारित बस्तुगत विवरण तयारी परामर्श कार्यको लागत अनुमान तयार गर्दा उल्लेखित व्यवस्थाको पालना नगरी संस्थागत शिरोभार रु.१,८१,५९१। (मू.अ.कर समेत) समावेश गरी सोझै कार्य गराई सपोर्ट फर डेभलपमेन्ट इनिसियटिम्स कन्सल्टेन्सी प्रा.लि. लाई उक्त रकम भुक्तानी भएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु. | १८१५९१ |
| ४१. | **स्वीकृत कार्यक्रममा समावेश नभएको योजनामा खर्च :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(३) बमोजिम स्वीकृत बजेटको परिधीभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने, नियम ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गइ बजेट खर्च गर्न पाउने छैन भन्ने व्यवस्था भएकोमा कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी निम्न अनुसार स्वीकृत वार्षिक कार्यक्रममा समावेश नभएको निम्न अनुसार कार्य गरी रु.२७,४८,२४४। अन्य शिर्षकबाट वचत तथा खर्च नभएको रकमबाट खर्च गरी भुक्तानी गरेको छ । कानुनमा उल्लेखित व्यवस्था अनुसार स्वीकृत बजेट अन्यत्र शिर्षकमा खर्च गर्दा कार्यक्रम संसोधन तथा रकमान्तर गरी गर्नुपर्नेमा सो समेत नगरी तोक आदेशमा खर्च भएको नियमित नदेखिएको रु. | २७४८२४४ |

| भौ.नं./मिति | उ.स.को नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ३९६-०७७/१/१० | शान्ति लिम्बुको घरबाट राजु लिम्बुको घरजाने बाटो ग्राभेल उ.स. | ग्राभेल कार्य | १७८५१३ |
| ३३३-०७७/२/१५ | फागोचोक देखि कोलाचोक हुँदै अधिकारीको बाटो स्तरवृद्धि उ.स. | बाटो ग्राभेल | २००००० |
| ३७२-०७७/३/५ | प्रेरढा एग्रो इन्टरनेशनल | तरकारी विउ खरिद | ३३०००० |
| ३८८-०७७/३/१६ | विमल घिमिरेको घर अगाडी समेत ३ घरको बाटोको योजना उ.स. | बाटो ग्राभेल | ४६७५०० |
| ४०८-०७७/३/२१ | गायत्री मातृशक्ति स्वावलम्बन समूह | कम्पाउण्ड वाल | २२५७१० |
| ४०९-०७७/३/२१ | चन्द्रगढी सामुदायिक वन उपभोक्ता समिति | नाला सडक मर्मत | १३४२४४ |
| ४३१-०७७/३/२५<br>४३२-०७७/३/२५ | वडा स्तरिय बाटो निर्माण उ.स. | बाटो ग्राभेल | १८२९४४ |
| ४३३-०७७/३/२५ | श्री जुनेली क्लवको भवन मर्मत समेतको ७ वटा योजनाको उ.स. | वृक्षारोपण तथा खेलकुद सामाग्री | १४७३०३ |
| ४७३-०७७/३/२८ | वडा स्तरिय मर्मत सुधार उ.स. भद्रपुर १० | मर्मत | ३८५००० |
| ४७४-०७७/३/२८ | दिनेश कुमार कर्ण (अमानतबाट तोक आदेश अनुसार) | मिक्स ग्राभेल हाल्ने | १३२००० |
| ४८७-०७७/३/३१ | नेत्र प्रसाद पोखरेल (अमानतबाट तोक आदेश अनुसार) | सडकमा ग्राभेल | ३०९००० |
| ४८८-०७७/३/३१ | विवेक ढुंगाना (अमानतबाट तोक आदेश अनुसार) | स्लाव क्लभर्ट मर्मत | ५६०३० |
| | जम्मा | | २७४८२४४ |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>४२.</td><td>विद्युत पोल : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा विल र विजकको भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले निम्न अनुसार रु.२२,७७,४३०। नेपाल विद्युत प्राधिकरणलाई संगम चोक - भद्रपुर भन्सार सम्मको सडक निर्माण गर्दा संरचना स्थान्तरण तथा विद्युत पोल जडान कार्यको लागि लागत रकमको ७०% रकम उपलब्ध गराउन पत्र प्राप्त भए बमोजिम खर्च लेखेको छ । खर्च लेखेको रकमको कार्य भएको प्राविधिक विल खर्च साथ संलग्न भएको नदेखिएको रु.
<table>
<tr><td>भौ.नं./मिति</td><td>संस्था</td><td>भुक्तानी</td></tr>
<tr><td>३२९-०७७/२/९</td><td>नेपाल विद्युत प्राधिकरण, भद्रपुर शाखा</td><td>७६६००३.६५</td></tr>
<tr><td>४५१-०७७/३/२८</td><td>नेपाल विद्युत प्राधिकरण, भद्रपुर शाखा</td><td>१५११४२६.३५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२२७७४३०</td></tr>
</table></td><td>२२७७४३०</td></tr>
<tr><td>४३.</td><td>निर्माण सामाग्री : खरिद भएका निर्माण सामाग्री प्रयोग भएको प्राविधिक विल पेश गर्नुपर्दछ । कार्यालयले निम्न अनुसार रु.१०,१९,५२०। को निर्माण सामाग्री खरिद गरी खर्च लेखेकोमा खर्चका साथ प्राविधिक विल संलग्न भएको देखिएन । प्रयोगको प्राविधिक विल पेश गर्नुपर्ने रु..
<table>
<tr><td>भौ.नं./मिति</td><td>फर्मको नाम</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>३४४-०७७/२/२०</td><td>काली मन्दिर निर्माण समिति, भद्रपुर १०</td><td>सिमेन्ट २२५ बोरा</td><td>२३३९९४</td></tr>
<tr><td>३७७-०७७/३/८</td><td>ओम जय मिलिजुली हार्डवयर</td><td>डिप बोरिङको लागि मोटर</td><td>२०००००</td></tr>
<tr><td>४३४-०७७/३/२५</td><td>कन्चनजंघा रियल सिड</td><td>प्लाष्टिक टनेल ४३ थान</td><td>३०१०००</td></tr>
<tr><td>४३५-०७७/३/२६</td><td>अमृता लिम्बु</td><td>क्यालेन्डर डोरी</td><td>३८०१५</td></tr>
<tr><td>४८०-०७७/३/२८</td><td>मैनाचुली ह्युमपाइप उद्योग</td><td>विभिन्न साइजको ह्युमपाइप</td><td>२४६५११</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१०१९५२०</td></tr>
</table></td><td>१०१९५२०</td></tr>
<tr><td>४४.</td><td>बहाल कर : स्थानिय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा गाउँपालिका तथा नगरपालिकाको वित्तिय अधिकार क्षेत्र भित्र स्थानिय तहले संकलन गर्न सक्ने कर दफा ५५ देखि ६२ (ख) तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ दफा ३ को उपदफा (३) सँग सम्बन्धित अनुसूची ३ मा स्थानीय तहले लगाउन सक्ने कर तथा गैरकर उल्लेख भएबमोजिम सवारी बहाल कर स्थानीय तहको अधिकार क्षेत्र भित्र रहेको देखिँदैन । कार्यालयले यस वर्ष विभिन्न उपभोक्ता समितिहरुले निर्माण कार्य गर्दा प्रयोग गरेको डोजर लगायत सवारी भाडामा कट्टी गरेको सवारी बहाल कर रु.१०,०३,३४४। कट्टी गरी स्थानीय संचितकोषमा जम्मा गरेकोले अधिकार क्षेत्र भन्दा भिन्न रहेको कर रकम संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.</td><td>१००३३४४</td></tr>
<tr><td>४५.</td><td>उपभोक्ता मार्फत कालोपत्रे कार्य : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट संचालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न सकिने छैन भन्ने व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी कालोपत्रे जस्तो जटिल प्रकृतीको कार्य उपभोक्ता समितिसँग उक्त कार्य गर्ने दक्ष जनशक्ति तथा मेसिन समेत नभएको अवस्थामा कालोपत्रे गर्ने कार्य गराई निम्न अनुसार खर्च गरेको देखियो । कानुनमा उल्लेखित व्यवस्थाको पालना नगरी कालोपत्रे जस्तो कार्य उपभोक्ता समितिबाट गराउँदा गुणस्तरिय समेत नहुन</td><td></td></tr>
</table>

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|

सक्ने हुँदा प्रतिस्पर्धाको माध्यमबाट खरिद कार्य गर्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

| भौ.नं./मिति | उपभोक्ता समितिको नाम | लागत अनुमान | खुद काम |
|---|---|---|---|
| २८१-०७७/१/७ | प्रगती मार्ग र नमुना टोल सडक कालोपत्रे नि.उ.स. | ५५००००० | ५४९९६८१ |
| २९०-०७७/१/७ | सगरमाथा चोकबाट किच्चकवध जानेबाटो निर्माण उ.स. | ५४९९९०७ | ५४९७२७४ |
| २९१-०७७/१/१० | नर बहादुर खतिवडाको घर जाने बाटो हुँदै शंकर टोलबाट पिपल चोकसम्म कालोपत्रे उ.स. | ५४७२७५६ | ५१२५६२५ |
| ३०१-०७७/१/१५ | सगरमाथा चोकबाट ग्रामथान जाने बाटोको उ.स. | ६३४८८४१ | ६२६९५३३ |
| ३५४-०७७/२/२३ | बाटो निर्माण उ.स. | ५५००००० | ५४९९११७ |
| ३१३-०७७/२/२ | चारआली चोकबाट धिमलधुरा सम्म जाने सडक कालोपत्रे तथा ढल निर्माण उ.स. | ५५००००० | ५४७२५०० |
| ४०५-०७७/३/१९ | शंकर टोल बाटो निर्माण उ.स. | ५५००००० | ५४८८१८१ |
| | **जम्मा** | | **३८८५१९११** |

४६. **प्रोभिजनल सम :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न अनुसार उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा प्रोभिजनल सममा निम्न अनुसार रु.१७,५६,९९९। राखी भुक्तानी गरेकोमा प्रोभिजनल समबाट भएको कार्यको विस्तृत नापी मूल्यांकन तथा खर्च पुष्ट्याइ गर्ने प्रमाण खर्च साथ संलग्न गरेको देखिएन । अत प्रोभिजनल समबाट भएको कार्यको पुष्ट्याइ सहित विस्तृत नापी तयार गर्नुपर्दछ ।

| भौ.नं./मिति | उ.स. को नाम | कामको विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| २८१-०७७/१/७ | प्रगती मार्ग र नमुना टोल सडक कालोपत्रे नि.उ.स. भद्रपुर ८ | पाइप खरिद तथा जडान | २०९९७० | पाइप खरिदको विल भएकको जडान भएको प्राविधिक विल नभएको |
| २९१-०७७/१/१० | नर बहादुर खतिवडाको घरजाने बाटो हुँदै शंकरटोलबाट पिपच चोकसम्म जाने बाटो | Old water supply line shifting and new pipe line laying 200000 Recolatron of Public utilities and repairing for excisting 80000 | २८०००० | खर्चको प्रमाण प्राविधिक विल समेत नभएको |
| ३५४-०७७/२/२३ | बाटो निर्माण उ.स. भद्रपुर ८ | Drinking water pipeline and accessories | ६७७०२९ | खर्चको प्रमाण प्राविधिक विल समेत नभएको |
| ४५५-०७७/३/२८ | विरेन्द्र नमुना क्याम्पस | Electricfication work 400000 Construction of toilet 190000 | ५९०००० | खर्चको प्रमाण प्राविधिक विल समेत नभएको |
| | जम्मा | | १७५६९९९ | |

४७. **विस्तृत नापी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा विल र विजकको भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले भौ.नं.२९७-०७७।१।१० बाट चमेली वस्तीको देवी खोलामा अधुरो पक्की पुल र दशरथ सामुदायिक वन क्षेत्रबाट उत्तर मायालु सामुदायिक वन हुँदै देवनिय खोलासम्म (वन थप) मा

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ग्राभेल तथा विभिन्न स्थानमा ह्युम पाइप जडान गर्ने कार्य मोहन कुमार धमला-दशरथ वन- मायाल वन जाने बाटो निर्माण उ.स., भद्रपुर २ बाट कार्य गरी रु.५३,६३,८५२।१९ भुक्तानी गरेकोमा उक्त कार्यको चेनेज वाइज नाप तथा ह्युम पाइप कुन कुन स्थानमा जडान भएको हो सो समेत देखिने गरी विस्तृत नापी तयार नगरी भुक्तानी भएको देखियो । विस्तृत नापी तयार गरी खर्च प्रभावकारी बनाउनु पर्दछ । | |
| ४८. | **विल** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम बजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले भौ.नं.४७८-०७७।३।२८ बाट मन कुमार डाँगीलाई रु.१,८४,८१३। भुक्तानी गरेकोमा निजले पेश गरेको खर्च विवरण अनुसार बालमैत्री नगर घोषणा रु.१५,०००।, कपडा वितरण नपुग रकम रु.१३,६३५। सेनिटाइजर खरिद रु.१९,५९५। विविध खर्च रु.८१,३२४। र कपडा बैंक रु.२५,२५९। समेत रु.१,५४,८१३। भएकोले रु.३०,०००। बढि भुक्तानी भएको छ । बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | ३०००० |
| ४९. | सार्वजानिक निकायले सार्वजनिक खरिद नियमावली २०६४ ( संसोधन सहित ) नियम ७२ को १ अनुसार रु बीस लाख भन्दा कम लागत अनुमान भएको परामर्श सेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन २०६३ ( संसोधन सहित ) को दफा ६ क वमोजिमको मौजुदा सुचिमा रहेका परामर्सदातावाट प्राविधिक र आर्थिक प्रश्ताव सोहि नियमावलीको नियम ७२ को २ मा उल्लेख भए अनुसार सम्भव भए सम्म ६ वटा र कम्तीमा ३ वटा परामर्सदातालाई छुट्टाछुट्टै प्रश्ताव माग गरि परामर्श सेवा खरिद गर्ने व्यवस्था भए पनि निम्न परामर्श सेवा खरिद गरिएका परामर्शदाताहरु मौजुदा सुचिमा सुचिकृत भएको नदेखिएको साथै परामर्शदाताबाट प्राप्त रिपोर्ट समेत जिन्सी दाखिला गरेको नदेखिएकोले निम्न विवरण अनुसारको खरिद गरिएको परामर्श सेवा खरिद प्रकृया नियम संगत नदेखिएको रु. | २९६२७२६ |

| संझौता | भौचर नं र मिति | परामर्शदाता | विवरण | भुक्तानी रकम रु | संझौता रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| २०७६/७/२१ | १४०–०७६/१०/९ | वावा डिएसआर ईन्जिनियरीयरिङ्ग कन्सल्टेन्सी | नगर क्षेत्रको वाढी तथा ढल गुरुयोजना | ४१८६६५।०० | १२३५०००।०० | |
| | ४९२–०७७/३/३१ | | | ४१८६६५।०० | | |
| २०७६/१/२२ | २१०–०७६/११/१२ | सपोर्ट फर डेभेलपमेन्ट ईनिसियटिभ्स कन्सल्टेन्सी | नगर वस्तु स्थिति विवरण तथारी | ११९४३३९।०० | १९९०६६४।०० | गत साल भक्तनी ७३९८९३।०० |
| २०७६/११/१८ | ४७५–०७७/३/२८ | विराट प्राविधिक शिक्षा तथा परामर्श प्रा.लि. | औद्योगिक ग्राम सम्भाव्यता अध्ययन | ९३१००७।०० | ११७७९९९।०० | |
| | | जम्मा | | २९६२७२६।०० | | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (पूँजिगत)** | |
| ५०. | **सौर्य उर्जा** : कार्यालयले यस वर्ष २६ थान सौर्य बत्ती जडान कार्य गरी भौ.नं.२८-०७७।३।२५ बाट रु.६,७८,०००। र स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट रु.२०,००,०००। समेत रु.२६,७८,०००। खर्च गरेकोमा देखिएको व्यहोरा देहायबमोजिम रहेका छन् : | |
| ५०.१. | **बढी भुक्तानी** : उर्जा, जलस्रोत तथा सिचाइ मन्त्रालय, बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले आ.व.२०७६।७७ को लागि विभिन्न नविकरणिय उर्जा प्रविधिहरुको अधिकतम सन्दर्भ मूल्य निर्धारण गरी सम्बन्धित सबैको जानकारीका लागि सूचना प्रकाशन गरेको देखिन्छ । उक्त सन्दर्भ मूल्य सूचिमा सौर्य सडक वत्ति प्रकार ४(४० वाट) तराइमा अधिकतम रु.९८,०५३। कायम गरेको र सूचनाको द्रष्टव्यमा माथी उल्लेखित मूल्य सूचि अधिकतम मूल्य सन्दर्भको रुपमा लिइने, घटी भएमा | |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>कम मूल्यलाई आधार लिने र वोलपत्र वा अन्य खरिद प्रकृया अन्तर्गत गरिने खरिद तथा जडानको हकमा सोही बमोजिम कायम गरी मूल्यको आधार लिनुपर्ने उल्लेख भएको देखिन्छ । कार्यालयले उल्लेखित प्रकाशित सूचना अनुसारको दरलाई आधार नलिई झापा जिल्लाको जिल्ला दररेटलाई आधार लिइ ४ प्रकार (४० वाटको) सौर्य सडक वत्तीको प्रतिथान रु.१,१६,५१८। को दरले रु.३०,२९,४८१। लागत अनुमान तयार गरी वोलपत्रको माध्यमबाट २६ थान सौर्य सडक वत्ती खरिद गरी श्री जी. एण्ड एम के इन्टरप्राइजेजलाई रु.२६,७८,०००। खर्च गरेको छ । बोलपत्र गर्दा लागत अनुमानको हाराहारी नै ठेक्का रकम कवोल गरी सम्झौता गरेको छ । वैकल्पिक उर्जा केन्द्रले प्रकाशन गरेको दर अनुसार अधिकतम २६ थान सौर्य वत्तीको रु.२५,४९,३७८। हुने देखिदा स्वीकृत ठेक्का रकम रु.१,२८,६२२।ले बढी पर्न गएको देखिन्छ । झापाको दरमा लागत अनुमान तयार गरी सोही अनुसार बोलपत्र गरेबाट निम्नानुसार थप व्ययभार पर्न गएको रु.</td><td>१२८६२२</td></tr>
<tr><td>५०.२.</td><td>विक्री पछिको सेवा : कार्यालयले सडक सौर्य बत्तीको विक्री पछिको सेवा (After Sale's Service) वापत आपूर्तकलाई २६ थानको प्रति थान रु.६,३८४।५।(मू.अ.कर समेत) का दरले रु.१,६५,९९७। भुक्तानी गरेको छ । सौर्य बत्तीको वारेन्टी अवधि खाम्ने गरी कार्य सम्पादन जमानत लिएको छैन । सामान्यतया वारेन्टी अवधि भित्रको मर्मत कम्पनीले निःशुल्क गर्नुपर्ने र सो नगरेमा कार्यसम्पादन जमानत रोक्का गराउनुपर्ने देखिन्छ । कार्यालयले खरिद सवै सौर्य बत्तीको विक्री पछिको सेवा वापतको रु.१,६५,९९७। सुरुमै भुक्तानी गरिएको छ । वास्तविक खर्चको आधारमा रकम भुक्तानी गर्नुपर्नेमा गर्न बाँकी कामलाई शुरुमै भुक्तानी दिएको उपयुक्त देखिएन। प्रति एकाइ विक्री पछिको सेवा उपलब्ध गराएको विवरण एवम् प्राविधिक प्रतिवेदनको आधारमा मात्र रकम भुक्तानी गर्नुपर्नेमा कार्यालयले वारेन्टी अवधीभरको समय समेत ख्याल नगरी अगाडी नै विक्री पछिको सेवा वापतको रकम भुक्तानी गरेको छ । त्यस्तो सेवा कति अवधि पछि सम्म दिने हो सम्झौतामा स्पष्ट नगरी सो वापतको रकम अग्रिम भुक्तानी दिन मिल्ने आधार नदेखिएको रु.</td><td>१६५९९७</td></tr>
<tr><td>५१.</td><td>चिया प्याकेजिङ प्लान्ट निर्माण :<br>भद्रपुर नगरपालिका १ मा साना किसान सहकारी संस्था लि.का लागि चिया प्याकेजिङ्ग प्लान्ट (५०% लागत सहभागितामा) संचालन गर्न यस वर्ष कार्यालयमा १ करोड सशर्त अनुदान निकासा भई रु.९२,८६,८४६।६८ खर्च भएको सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम रहेका छन् :</td><td></td></tr>
<tr><td>५१.१.</td><td>कार्यालयले प्राप्त सशर्त अनुदान खर्च गर्दा संस्था सँग प्रस्ताव माग गरी मिति २०७६।१०।१७ गते संस्थाले पेश गरेको प्रस्ताव अनुसार चिया प्याकेजिङ्ग प्लान्टका लागि भवन निर्माण, सवारी साधनहरु ट्रक र टयाक्टर, जेनेरेटर, ब्याज प्रिन्टिङ्ग मेशिन, टि प्याकेजिङ्ग मेशिन र फाइवर एक्सट्राक्टर मेशिन लगायतमा खर्च गर्ने गरी नगरप्रमुखबाट प्रस्ताव स्वीकृत भएको देखिन्छ । उल्लेखित कार्य मध्ये संस्थाले सम्पूर्ण कार्य नगरी निम्न अनुसार रु.९२,८६,८४६। को कार्य गरेको छ । उल्लेखित स्वीकृत कार्यक्रम अनुसार ५०% लागत सहभागिता अनुसार जम्मा कामको रु.४६,४३,४२३। मात्र सशर्त अनुदानबाट भुक्तानी गर्नुपर्नेमा कार्यालयले सत् प्रतिशत रकम भुक्तानी गरेकोले लागत साझेदारी वेगर भुक्तानी भएको रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>कामको विवरण</th><th>लागत अनुमान</th><th>खुद काम</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>३८-</td><td>भवन निर्माण</td><td>८६८९४००</td><td>५११४८७७.६८</td><td>५११४८७७.६८</td><td>संस्थाले नै कार्य</td></tr>
</table></td><td>४६४३४२३</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>०७७/३/२८</td><td></td><td></td><td></td><td></td><td>गरेको</td></tr>
<tr><td>४५-०७७/३/२८</td><td>जेनेरेटर खरिद</td><td></td><td>६७३९६९</td><td>६७३९६९</td><td>कार्यालयले खरिद गरी उपलब्ध गराएको</td></tr>
<tr><td>४६-०७७/३/२८</td><td>ट्रक</td><td>३५०३०००</td><td>३४९८०००</td><td>३४९८०००</td><td>कार्यालयले खरिद गरी उपलब्ध गराएको</td></tr>
<tr><td></td><td></td><td></td><td>९२८६८४६.६८</td><td>९२८६८४६.६८</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५१.२.</td><td>साना किसान कृषि सहकारी संस्था लि को मिति २०७६।४।१ देखि २०७७।३।३१ सम्मको वित्तीय विवरण तथा लेखापरीक्षणको प्रतिवेदन माग गरी परीक्षण गर्दा भद्रपुर नगरपालिकाबाट उपलब्ध गराएको अनुदान रकमको आम्दानी उल्लेख नभएको, स्थिर सम्पत्ति (अनुसुची १८) मा उल्लेख भएकोमा ट्रक र जेनेरेटर यस वर्षको खरिद (आम्दानीमा) नदेखिएको लगायत देखिएको छ । यस सम्बन्धमा कार्यालयले अनुगमन गरी अनुदान वापतको रकम पारदर्शी र प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५२.</td><td>बायोग्याँस : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) बमोजिम बजेट खर्च गर्द रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भौ.नं.३२-०७७।३।२८ बाट बायोग्यास १५ थान जडानका लागि सुर्योदय बायोग्याँस तथा उर्जा विकास कम्पनी प्रा.लि., विर्तामोडलाई रु.३,००,०००। उपलब्ध गराएकोमा जडान भएको प्राविधिक विल, फोटो, कार्यसम्पन्न प्रतिवेदन खर्च साथ संलग्न भएको नदेखिएको रु.</td><td>३०००००</td></tr>
<tr><td>५३.</td><td>तराइ मधेश समृद्धि कार्यक्रम : यस वर्ष संचालित तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत मेचि नदि तटबन्धन देखि बस्ती हुँदै शान्ति टोल सम्म सडक कालोपत्रे कार्यको लागि १०% साझेदारीमा कार्य गर्ने गरी रु.४५,००,०००। बजेट विनियोजन भएको छ । कार्यालयले उक्त कार्यको लागि तराई मधेश समृद्धि कार्यक्रम तर्फ रु.४५,००,०००। र नगरपालिका तर्फ रु.४,५०,०००। समेत रु.४९,५०,०००। को लागत अनुमान तयार गरी ठेक्का प्रकृयाबाट कार्य गर्दा सबैभन्दा कम रु.४६,९९,०७१। कबोल गर्ने पल्पसा कन्स्ट्रक्सनलाई कार्य गर्न दिएकोमा खुद काम रु.४५,४९,६२०।०९ भएकोमा तराइ मधेश समृद्धि कार्यक्रम संचालन कार्यविधि, २०७५ बमोजिम साझेदारी वापतको रकम कट्टा गरी ९०% ले हुने रु.४०,९४,६५८। खर्च लेख्नुपर्नेमा बजेट फ्रिज हुन नदिने उद्देश्यले पुरै रकम खर्च लेखेको छ। साझेदारी वापतको रकम रु.४,५४,९६२। स्थानीय संचितकोषबाट कट्टा गरी संघिय संचित कोष दाखिला गर्नुपर्ने रु.</td><td>४५४९६२</td></tr>
<tr><td></td><td>संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम चालु</td><td></td></tr>
<tr><td>५४.</td><td>तलबी प्रतिवेदनः कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व.२०७६।७७) को खण्ड २.१.(ख).१ मा स्थायी शिक्षकहरुको तलवी प्रतिवेदन जिल्लाको शिक्षा विकास तथा समन्वय इकाई मार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई प्राप्त तलवी प्रतिवेदनका आधारमा अनुदान दिने व्यवस्था मिलाउने भन्ने व्यवस्था छ । पालिकाले उल्लेखित व्यवस्था बमोजिम शिक्षकहरुको तलबी प्रतिवेदन पारित गराएको छैन । पालिकाले शिक्षकको तलबी प्रतिवेदन पारित गराएर मात्र निकासा दिने व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५५.</td><td>भकारो सुधार कार्यक्रमः पालिकाले भकारो सुधार कार्यक्रम अन्तर्गत पालिका भित्रका देहाय बमोजिमका कृषि समुहलाई प्रति कृषक रु.१२,०००। का लागत बराबरको भकारो निर्माण बापत भुक्तानी गरेकोमा उक्त भकारो निर्माण पश्चात कृषकहरुलाई हस्तान्तरण गरेको विवरण पेश भएन । यसरी पुर्वनिर्धारित किसानले नै निर्मित भकारो प्रयोग गरेको भनि एकिन गर्न सकिएन । तसर्थ</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>कृषकले निर्मित भकारो प्रयोग गरेको प्रमाण पेश हुनुपर्ने रू.
<table>
<tr><td>गो.भौ.नं.</td><td>कृषी समुह</td><td>भकारो संख्या</td><td>रकम</td></tr>
<tr><td>१०१-२०७७/३/२१</td><td>हातेमालो कृषक समुह</td><td>५</td><td>६००००</td></tr>
<tr><td>१०२-२०७७/३/२१</td><td>जुनेली कृषि समुह</td><td>५</td><td>६००००</td></tr>
<tr><td rowspan="2">१०३-२०७७/३/२१</td><td>पौरखी कृषि समुह</td><td>५</td><td>६००००</td></tr>
<tr><td>सिद्देश्वर कृषि तथा पशुपालन समुह</td><td>५</td><td>६००००</td></tr>
<tr><td>१२५-२०७७/३/२७</td><td>साना किसान कृषि सहकारी संस्था लि.</td><td>५</td><td>६००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>३०००००</td></tr>
</table></td><td>३०००००</td></tr>
<tr><td>५६.</td><td>खर्च गर्ने आधार : हात्ती पाईले रोग विरुद्ध औषधी खुवाउनेकार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण वापतको पेश्की गो.भौ.नं. १२७-२०७७/३/२८ बाट रू.२५,०००। फछ्यौंट गर्दा पालिका भित्रका विभिन्न स्थानहरुमा अनुगमन तथा सुपरिवेक्षण गरेको प्रमाण पेश गरी खर्च गरेको छ । पालिका भित्र सञ्चालित कार्यक्रमको अनुगमन गरेबापत भत्ता पाउने आधार पेश नभएको रू.</td><td>२५०००</td></tr>
<tr><td>५७.</td><td>वितरणको भर्पाई: पशु सेवा शाखाको पेश्की गो.भौ.नं. १०८-२०७७/३/२५ बाट रु.१,८७,०००। फछ्यौंट गरी रू३,४०,०००। भुक्तानी दिँदा राहुल एग्रो सेन्टरको ५ वटा बिजकबाट खरिद गरेको विभिन्न ३९ आईटम औषधी प्रयोग तथा वितरणको भर्पाई लेखा परिक्षणको क्रममा पेश हुन आएन । तसर्थ उक्त औषधी प्रयोग तथा वितरणको प्रमाण पेश गर्नुपर्ने रू.</td><td>३४००००</td></tr>
<tr><td>५८.</td><td>जिन्सी दाखिला नभएको: ओसन अफसेट प्रिन्टर्सबाट ३००० प्रति बेरोजगार दर्ताको निवेदन खरिद गरी गो.भौ.नं. ११५-२०७७/३/२६ बाट रू १५,०००। भुक्तानी दिएकोमा उक्त निवेदन जिन्सी खातामा दर्ता नभएकोले उक्त सामाग्री जिन्सी खातामा दाखीला गरेको प्रमाण पेश गर्नुपर्ने रू.</td><td>१५०००</td></tr>
<tr><td>५९.</td><td>८८।२०७७।३।१४ शैक्षिक गुणस्तर सुदृढिकरण कार्यक्रम अन्तरगत मुल्यांकनका आधारमा विद्यालयहरुलाई प्रोत्साहन अनुदान निकासा गर्दा कार्यालयले विद्यालयहरुसंग गरिएको संझौतामा उल्लेख गरिएको विवरण अनुसार कार्यालयले अनुगमन गरेको प्रतिवेदन , विद्यालयले प्रचलित आर्थिक ऐन नियमका आधारमा खर्च गरेको विल भर्पाई, निकासा आम्दानी वांधेको प्रमाण २०७७।३।१५ भित्र वुझाउनु पर्ने उल्लेख भएको देखिएकोमा उक्त प्रमाण पेश नभएको रु.
<table>
<tr><td>क सं</td><td>विद्यालय</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>१</td><td>श्री भद्रपुर मावि</td><td>विज्ञान प्रयोगशाला</td><td>६५००००।००</td></tr>
<tr><td>२</td><td>श्री पुहातु जनज्योती मावि</td><td>विज्ञान प्रयोगशाला</td><td>६५००००।००</td></tr>
<tr><td>३</td><td>श्री सीता आधारभुत विद्यालय</td><td>पुस्तकालय</td><td>६५००००।००</td></tr>
<tr><td>४</td><td>श्री पृथ्वी आधारभुत विद्यालय</td><td>आई. सी. टी.</td><td>६५००००।००</td></tr>
<tr><td>५</td><td>श्री सारदा आधाभुत विद्यालय</td><td>आई. सी. टी.</td><td>६५००००।००</td></tr>
<tr><td></td><td colspan="2">जम्मा</td><td>३२५००००।००</td></tr>
</table></td><td>३२५००००</td></tr>
<tr><td>६०.</td><td>जिन्सी दाखिला नभएको: विर्ता ट्रेड एण्ड सप्लायर्सको विभिन्न ५ वटा बिजकबाट सेनिटाईजर खरिद गरी गो.भौ.नं. १४४-२०७७/३/२८ बाट रू.९४,५०० भुक्तानी भएकोमा खरिद गरेको सेनिटाईजर जिन्सी दाखीला गरेको तथा वितरण गरेको भर्पाई पेश नभएकोले उक्त सामाग्री जिन्सी दाखिला गरेको तथा वितरण गरेको प्रमाण पेश हुनुपर्ने रू.</td><td>९४५००</td></tr>
</table>

<table>
